**बैठक संख्या ३१/०७७/०७८    अर्जुनधारा नगर कार्यपालिकाको बैठक    मिति २०७८/०३/२४**

१. अर्जुनधारा नगरपालिकाको विनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा (२) बमोजिम आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत अनुसुचि १ बमोजिमका कार्यक्रमहरुको रकमान्तर गर्ने निर्णय गरियो ।(आर्थिक प्रशासन /योजना शाखा)

२. अर्जुनधारा नगरपालिकाको विनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा (२) बमोजिम अनुसुचि २ बमोजिमका कार्यक्रमहरु संशोधन तथा रकमान्तरका लागि अर्जुनधारा नगरपालिकाको नगर सभाको नवौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।(आर्थिक प्रशासन /योजना शाखा)

३. अर्जुनधारा नगरपालिकाको न्यायिक समितिको कार्यविधि (पहिलो संशोधन) विधेयक, २०७८ स्वीकृत गरी छलफलका लागि अर्जुनधारा नगरपालिकाको नगर सभाको नवौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।(प्रशासन)

४. अर्जुनधारा नगरपालिका २ नं वडा कार्यालयको च.नं. १३७६ मिति २०७८/०३/२३ को पत्रबाट सिफारिस भई आए बमोजिम अर्जुनधारा- २ मा पर्ने इलाका बाटोको झेलेनी खण्डमा भक्तबहादुर मगरको घरछेउ कल्भर्टको दायाँ बायाँ पुरुवा लगाउँदा भएको खर्च मध्ये रु ४० हजार मात्र नगरपालिकाको मर्मत सम्भार कोषबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

साथै,अर्जुनधारा नगरपालिका वडा नं २ बस्ने दीपक ओझा समेतको माग निवेदन बमोजिम खानेपानीका लागि ट्युबवेल जडान गर्न स्वच्छ खानेपानी कार्यक्रमबाट रु २५ हजार विनियोजन गर्ने निर्णय गरियो ।(योजना/ आर्थिक प्रशासन)

५. अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रमहरु मध्ये कार्यक्रम सञ्चालन सम्झौता भई कोभिड १९, निषेधाज्ञा लगायतका कारणले सम्झौता अवधिको समयमा सम्पन्न हुन नसकेका आयोजनाहरु सञ्चालनका लागि २०७८ आश्विन मसान्त सम्मका लागि म्याद थप गर्ने र त्यस्ता योजनाहरुको बजेट आगामी आर्थिक वर्षको दायित्वमा सार्ने निर्णय गरियो ।(योजना/आर्थिक प्रशासन)

६. कोभिड १९ प्रकोपका कारण नेपाल सरकारबाट जारी भएको निषेधाज्ञाका कारण व्यापार व्यवसाय बन्दा भएकाले सो अवधिको घर भाडा छुट गरिपाउनका लागि यस नगरपालिकाको स्वामित्वमा रहेका व्यापारिक भवनहरुमा व्यवसाय गर्ने व्यवसायीहरुबाट प्राप्त निवेदन तथा यस नगरपालिकाबाट आइबारे पशुहाट कर संकलनका लागि ठेक्का सम्झौता गरिएको ल्हासो कन्स्ट्रक्सन प्रा.लि. बाट बजार सञ्चालन अवधिको कर छुटका लागि निवेदन प्राप्त भएकोमा उक्त अवधिमा निषेधाज्ञा भई व्यापार व्यवसाय सञ्चालन नभएको हुनाले नेपाल सरकार तथा स्थानीय प्रशासनबाट व्यापार व्यवसाय बन्द हुने गरी जारी गरिएको निषेधाज्ञा अवधि यकिन गरी सो समयावधिको प्रचलित दर अनुसार दामासाहीले हुन आउने रकम छुट  गर्ने र सो विषय अनुमोदनका लागि नगर सभाको नवौं नियमित अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।(राजश्व/प्रशासन)

७. अर्जुनधारा नगर कार्यपालिकाको कार्यालयबाट उत्तर गेटबाट पूर्व कालोपत्रे सडक जोड्ने मार्ग साँघुरो भएकाले विस्तार गरिपाउन त्यस क्षेत्रका स्थानीय वासिन्दाबाट प्राप्त निवेदन बमोजिम नगर कार्यपालिकाको कार्यालयमा रहेका यान्त्रिक उपकरण समेत प्रयोग गरी नगरपालिकाको न्यूनतम सडक क्षेत्रको मापदण्ड कायम हुने गरी सडक विस्तार कार्य ८ नं वडा कार्यालय मार्फत अघि बढाउने निर्णय गरियो ।(प्रशासन)

८. अर्जुनधारा नगरपालिकाको खेलकुद विकास समितिबाट निर्णय भई पेश भए बमोजिम यस नगरपालिकामा रहेका विभिन्न खेल विधामा योगदान पुर्याएका खेलाडीहरुलाई सम्मान गर्ने कार्यक्रम अनुमोदन गरी समितिबाट सिफारिस भए बमोजिम यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत खेलकुद विकासका लागि विनियोजिन वार्षिक बजेटबाट खर्च गर्ने गरी रु ७० हजार विनियोजन गर्ने निर्णय गरियो । (खेलकुद विकास/ आर्थिक प्रशासन)

९. अर्जुनधारा नगरपालिका ३ नं वडा कार्यालय भवनको छत मर्मत सम्बन्धि कार्यका लागि नगरपालिकाको मर्मत सम्भार कोषबाट रु १ लाख ५० हजार रकम विनियोजन गर्ने निर्णय गरियो ।(आर्थिक प्रशासन/योजना)

१०. अर्जुनधारा नगरपालिका वडा नं ४ मा रहेको श्री नवदुर्गा आधारभुत विद्यालयमा स्वच्छ खानेपानीको समस्या भएकाले सोको व्यवस्थापनका लागि राष्ट्रिय योजना आयोगमा सिफारिस गरी पठाउने निर्णय गरियो ।(शिक्षा शाखा)

११. नगर कार्यपालिकाको कार्यालयको कृषि विकास शाखाबाट धानको बीउ वितरण गर्दा विवाद भएको सम्बन्धमा बुझी राय प्रतिक्रिया दिन गठन भएको छानवीन समितिको प्रतिवेदन यस बैठकमा जानकारी गराइयो । प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।(प्रशासन/ आर्थिक प्रशासन)

१२. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा यस नगरपालिकाबाट सहभागिता समेतका लागि प्राप्त संघीय सशर्त रु १ लाख बजेट अपुग भएकाले चालु आर्थिक वर्ष २०७७/०७८ को स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत खेलकुद विकासका लागि विनियोजिन वार्षिक बजेटबाट रु ९९०००/- (उनान्सय हजार मात्र) खर्च भुक्तानी गर्ने निर्णय गरियो ।(आर्थिक प्रशासन/खेलकुद विकास )

१३. यस नगरपालिकाका विभिन्न क्षेत्रमा विभिन्न व्यक्ति तथा फर्महरुले यस नगरपालिका तथा अन्य स्थानीय तहका नदीहरुबाट नदिजन्य सामाग्री उत्खनन गरी सञ्चित राखेको र सो सञ्चिति प्रमाणितका लागि निवेदनहरु प्राप्त भएको सन्दर्भमा तोकिएको नियमानुसार संकलन भएका नदीजन्य समाग्रीहरुको सञ्चितीको स्थलगत रुपमा अनुगमन गरी प्राविधिक मूल्यांकन अनुसार सो सञ्चितिको प्रचलित दररेटको १० प्रतिशतले हुन आउने रकम कार्यालयमा राजश्व दाखिला गराई प्रमाणित गरिदिने भन्ने नगरपालिकामा आयोजित सर्वपक्षीय बैठकको सहमति एवं निर्णयुनसार उल्लेखित प्रक्रिया बमोजिम सञ्चिति प्रमाणित गरिदिने र उक्त सञ्चिति ओसार पसार गर्न समयावधि कम भएकाले २०७८ श्रावण पहिलो हप्ता सम्मको अवधि थप गर्न सम्बन्धित निकायमा सिफारिस निर्णय गरियो ।(योजना/राजश्व)

१४. यस नगरपालिकाका भूमिहीन दलित सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको तथ्यांक संकलन सम्बन्धि कार्यका लागि यस नगर कार्यपालिकाको पूर्व निर्णय बमोजिम सामुदायिक विद्यालयका शिक्षकहरुलाई कामकाजमा लगाइएकोमा खटिने शिक्षकहरुको सेवा सुविधाका सम्बन्धमा नगर कार्यपालिकाको मिति २०७७/१२/०३ र २०७७/१२/१३ गतेको बैठकको निर्णय संशोधन तथा परिमार्जन गरी देहाय बमोजिम हुने गरी निर्णय गरियो ।(आर्थिक प्रशासन/प्रशासन)

क. तथ्यांक संकलनका लागि पहिलो चरणमा खटिएका शिक्षकहरुलाई न्यूनतम ५० वटा फारमको रु ५००० उपलब्ध गराई बाँकी फारामको प्रति फाराम रु ५० का दरले हुन आउने रकम खाना खाजा तथा यातायात खर्चको सुविधा उपलब्ध गराउने ।

ख. दोश्रो चरणमा थप हुनु भएका शिक्षकहरुलाई प्रति फाराम रु ५० का दरले हुन आउने रकम खाना खाजा तथा यातायात खर्चको सुविधा तथा सबै शिक्षकलाई रु ५०० का दरले सञ्चार खर्च उपलब्ध गराउने ।